# दिप्रुङ चुइचुम्मा गाँउपालिकाको विनीयोजन ऐन
# २०७७

दिप्रुङ चुईचुम्मा गाँउपालिका
याङसोलाटार, खोटाङ
१ नं.प्रदेश

# दिप्रुङ चुईचुम्मा गाँउपालिकाको विनियोजन ऐन, २०७७

## दिप्रुङ चुइचुम्मा गाँउपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**सभाबाट स्वकृित मिति :** २०७७/०३/१२

**प्रस्तावना**

**दिप्रुङ चुइचुम्मा गाँउपालिकाको** आर्थिक वर्ष २०७७/०७७ को सेवा कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप- धारा (२) बमोजिम **दिप्रुङ चुइचुम्मा गाँउपालिकाको** गाँउ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "**दिप्रुङ चुइचुम्मा गाँउपालिकाको** विनियोजन ऐन २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ५१,४२,०८,०७४।०८ (अक्षेरुपी एकाउन्न करोड बयालिस लाख आठ हजार चौहत्तर र पैसा आठ मात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ। साथै गाउपालिकाको संचित कोषमा मौज्दात रहने रकम गा.पा.को वैठकले निर्णय गरी खर्च गर्न सकिनेछ।

३. विनियोजन : (१) यस ऐनद्धरा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त **दिप्रुङ चुइचुम्मा गाँउपालिकाको** गाँउ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भए तापनि कार्यपालिका , वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनै अपुग हुने देखिन आएमा गाँउ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा, खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकमा सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाँउ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि -१
(दफा २ संग सम्बन्धित )
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संचित कोषबाट विनियोजन हुने रकम

## (क) संचित कोषबाट बाँडफाड गरी खर्च गर्न सकिने बजेट विवरण

| क्र.सं. | विवरण | रकम | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १. | आर्थिक विकास | १,७८,६५,०००.०० | १०% | |
| २ | पूर्वाधार विकास | ६,७८,२३,३१०.०० | ३८% | |
| ३. | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६,०४,५०,०००.०० | ३३% | ५,६०,००,००० चालु सहित |
| ४. | सामाजिक विकास | ३,४३,९०,०००.०० | १९% | |
| **जम्मा** | | **१८,०५,२८,३१०.००** | **१००%** | |

## (ख) कुल विनियोजित बजेटबाट खर्च हुने खर्चको विवरण

| क्र. सं. | विवरण | | रकम | कुल रकम | प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|
| १. | आर्थिक विकास | शसर्त अनुदान | ९१,२९,०००.०० | ५,२९,७३,७६४.०८ | १०% | शसर्त ४.२८ प्रतिशत |
| | | साना सिंचाई | २,५९,७९,७६४.०८ | | | |
| | | समानिकरण अनुदान | १,७८,६५,०००.०० | | | |
| २ | पूर्वाधार विकास | शसर्त अनुदान | ३८,७१,०००.०० | १०,०६,९४,३१०.०० | २०% | १.८१ प्रतिशत |
| | | विशेष अनुदान | ५०,००,०००.०० | | | |
| | | समानिकरण अनुदान | ८,१८,२३,३१०.०० | | | |
| | | प्रदेश समपुरक अनुदान | १,००,००,०००.०० | | | |
| ३. | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | शसर्त अनुदान | ८७,८२,०००.०० | ६,९२,३२,०००.०० | १३% | ४.११ प्रतिशत |
| | | चालु खर्च | ५,६०,००,०००.०० | | | |
| | | समानिकरण अनुदान | ४४,५०,०००.०० | | | |
| ४. | सामाजिक विकास | शसर्त अनुदान | १९,१८,१८,०००.०० | २९,१२,०८,०००.०० | ५७% | ८९.८० प्रतिशत |
| | | सामाजिक सुरक्षा भत्ता | ६,५०,००,०००.०० | | | |
| | | समानिकरण अनुदान | ३,४३,९०,०००.०० | | | |
| **जम्मा** | | | **५१,४१,०८,०७४.०८** | **५१,४१,०८,०७४.०८** | **१००%** | |

**नोट** :-

१) प्रदेश सरकारको रु १,००,०००।- शसर्त बजेटलाई खर्चमा समावेश गरिएको छैन ।

२) अनिवार्य दायित्व भएका शिर्षकहरु :-

(क) पूर्वाधार विकासबाट प्रशासकीय भवनको लागि रु १,५०,००,०००।- र समपुरक साझेदारी रु ५०,००,०००।-

(ख) सामाजिक विकासबाट सामाजिक सुरक्षा भत्ता रु ६,५०,००,०००।-

(ग) आर्थिक विकासबाट साना सिंचाइको लागि साझेदारी रु ५१,९५,९५२।८२

(घ) शुसासनबाट चालु खर्च रु ५,६०,००,०००।- तथा प्रकोप नियन्त्रण कोष रु ४०,००,०००।-

३) साप्सु खोला मोटरेवल पुल बहुबर्षिय योजनाको रुपमा स्वीकृत गरी आ.व. २०७६/०७७ मा विनियोजित रकम रु २ करोड आ.व. २०७७/०७८ मा खर्च गर्ने ।

४) सामाजिक सुरक्षा भत्ता संचित कोष खातामा समाहित हुने छैन ।